तीन

# नेपाली मिडिया: पुरुषको, पुरुषबाट र पुरुषकै लागि

सङ्गीता लामा

मेरो अनुभवमा नेपाली मिडियाका करिब ९५ प्रतिशत मालिक पुरुष छन् । करिब ९० प्रतिशत सम्पादक, प्रमुख संवाददाता र निर्णयकर्ता पनि पुरुष नै हुन् । प्रभावशाली दैनिक, साप्ताहिक, पाक्षिक पत्रपत्रिका र रेडियो तथा टेलिभिजन च्यानलहरूका लागि के कस्ता सम्पादकीय तथा व्यवस्थापकीय नीति अपनाउने, के कस्ता र क-कसका समाचार, रिपोर्ट, फिचर, सम्पादकीय तथा वैचारिक लेख र अन्तर्वार्ता प्रकाशन वा प्रसारण गर्ने निर्णय पनि उनीहरू नै गर्छन् । अझ उनीहरूले तयार पार्ने लेख, समाचार र रेडियो तथा टेलिभिजन कार्यक्रमहरूमा खोजी खोजी पुरुष राजनीतिज्ञ, नागरिक समाजका नेता वा गन्यमान्य व्यक्तिहरूलाई नै विचार पोख्ने वा भनाइ राख्ने मौका दिन्छन् ।

नयाँ नेपाल निर्माणका लागि राज्यको पुनर्संरचना गर्ने लहर चलिरहेको यो बेलामा पनि नेपाली पत्रकारिता अझै पुरातन पुरुषवादी चिन्तन र दृष्टिकोणबाट माथि उठ्न सकेको छैन । पत्रकारिताको निर्णायक तहमा महिलाको सहभागिता, दृष्टिकोण र विचारले अझै अर्थपूर्ण ठाउँ पाउन सकेको छैन । सोझै भन्दा, नेपाली पत्रकारिताले आधाभन्दा बढी जनसङ्ख्या ओगट्ने नेपाली महिलालाई प्रतिनिधित्व गरेकै छैन । उनीहरूलाई विचारक, निर्णयकर्ता, पाठक, स्रोता र क्रेता मानेकै छैन । यस अर्थमा, नेपाली मिडिया वा नेपाली पत्रकारिता पुरुषप्रधान छ । त्यो पुरुषको, पुरुषबाट र पुरुषका लागि नै सञ्चालित छ ।

## पत्रकार महिलाको सङ्ख्यात्मक स्थिति

नेपाल पत्रकार महासङ्घले हालसम्ममा लगभग सात हजार पत्रकारलाई सदस्यता वितरण गरिसकेको छ भने तीमध्ये सदस्यता पाउने महिलाको सङ्ख्या चाहिँ २०६४ मङ्सिर २१ सम्ममा ५४३ मात्र छ । महासङ्घको यो तथ्याङ्कलाई आधार मान्ने हो भने पनि अहिले देशभर कार्यरत पत्रकार महिलाको सङ्ख्या कुल पत्रकार सङ्ख्याको दस प्रतिशतभन्दा कम हुन आउँछ । तर वास्तविक पत्रकार महिलाको सङ्ख्या चाहिँ महासङ्घको सदस्य सङ्ख्याभन्दा पनि अझ निकै थोरै छ । किनभने, महासङ्घको तथ्याङ्क पुरानो हो र यसलाई लामो समयदेखि अद्यावधिक गरिएको छैन । त्यस्तै, महासङ्घले सदस्यता प्रदान गरेको पत्रकार महिलाहरूमध्ये कतिले पत्रकारिता छाडिसकेका छन् भने धेरै गैर पत्रकार महिलाहरूले पनि सदस्यता प्राप्त गरेको कुरा सदस्यहरूको सूचीबाट पुष्टि हुन्छ । यदि पत्रकार महासङ्घको सदस्यता अद्यावधिक गर्ने हो भने वास्तविक पत्रकार महिलाको सङ्ख्या अहिले देशभर जसोतसो २०० जना पुऱ्याउन पनि गाह्रो पर्दछ । त्यसमा पनि यो सङ्ख्याभित्र सञ्चार गृहमा नियमित रूपमा तलब दिएर राखिएका पत्रकारदेखि समाचारका आधारमा पारिश्रमिक दिने हिसाबले भर्ना गरिएका स्ट्रीन्जर समेत छन् । काठमाडौं बाहिरको हकमा अधिकांश महिला पत्रकारहरू त्यसरी समाचार लेखेका बेलामात्र पारिश्रमिक लिएर काम गर्ने गरेको पाइन्छ । यस हिसाबले नियमित पारिश्रमिक पाउने पत्रकार महिलाहरूको सङ्ख्या त अझै कम हुन आउँछ ।

श्रमजीवी पत्रकार महिलाहरूको संस्था क्रियाशील पत्रकार महिला[1] ले २०६४ साउनमा पोखरामा र नेपाल पत्रकार महासङ्घले २०६४ कात्तिकमा काठमाडौंमा पत्रकार महिलाको राष्ट्रिय सम्मेलन सम्पन्न गरेको थियो । ती कार्यक्रममा भाग लिन सहभागीहरू पाँचै विकास क्षेत्रबाट आएका थिए, जसमा क्रियाशील पत्रकार महिलाले आयोजना गरेको भेलामा करिब १३० जना पत्रकार महिलाहरू उपस्थित थिए भने महासङ्घले गरेको भेलामा करिब १५० ।

तालिका ३.१ र ३.२ मा देखाइएको काठमाडौंमा सञ्चालित मूलप्रवाहका सञ्चार गृहहरूमा कार्यरत महिला पत्रकारको सङ्ख्याले पत्रकारितामा महिलाको सङ्ख्या कत्तिको दयनीय छ भन्ने कुरा पुष्टि गर्दछ । दुवै तालिकामा उल्लिखित

---

[1] क्रियाशील पत्रकार महिला छापा, रेडियो, टेलिभिजन र अनलाइनमा काम गर्ने पत्रकार महिलाहरूको हक, हित र क्षमता अभिवृद्धिका लागि २०६३ कात्तिकमा स्थापित संस्था हो । यस संस्थासँग १५० जना पत्रकार महिलाहरू आवद्ध छन् ।

पत्रकार महिलाहरूको सङ्ख्या विभिन्न पत्रपत्रिका, रेडियो तथा टेलिभिजन च्यानलहरूमा नियमित समाचार सङ्कलन गर्नेदेखि, लेखन, सम्पादन तथा समाचारमूलक कार्यक्रम निर्माणमा संलग्नलाई समेत लिइएको छ। समाचार सङ्कलन, लेखन र सम्पादनमा संलग्न नरहेका तर समाचारवाचन मात्र वा मनोरञ्जनात्मक रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने र प्रशिक्षार्थी पत्रकार वा स्वयंसेवक पत्रकारलाई भने यहाँ समावेश गरिएको छैन।

**तालिका ३.१: काठमाडौँका प्रमुख छापामा कार्यरत महिला पत्रकार सङ्ख्या**

| पत्रिका/संस्था | सङ्ख्या | |
|---|---|---|
| | राजधानी | मोफसल |
| गोरखापत्र | ४ | १० |
| द राइजिङ नेपाल | २ | – |
| कान्तिपुर | १ | ५ |
| द काठमाण्डू पोष्ट | ४ | – |
| नेपाल समाचारपत्र | २ | २ |
| राजधानी | – | – |
| अन्नपूर्ण पोष्ट | ५ | ३ |
| द हिमालयन टाइम्स | १० | – |
| समय | – | – |
| न्युज फ्रन्ट | १ | – |
| नेपाल | १ | – |
| नेपाली टाइम्स् | २ | – |
| हिमाल खबरपत्रिका | १ | – |
| नारी | ४ | – |
| रासस | ५ | ६ |

स्रोतः सम्बन्धित संस्थासँग आवद्ध व्यक्तिहरूसँगको कुराकानी (मङ्सिर २०६४)।

गत केही वर्षदेखि काठमाडौँ तथा बाहिरका विभिन्न जिल्लाहरूमा एफएम रेडियोहरू तथा काठमाडौँमा टेलिभिजन स्थापना हुने क्रम बढेपछि छापाको तुलनामा टेलिभिजन र रेडियोका लागि समाचार सङ्कलन, लेखन, सम्पादन तथा समाचारमूलक कार्यक्रम सञ्चालन गर्ने पत्रकार महिलाहरूको सङ्ख्या बढेको देखिन्छ। साथै, नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सरकारमा गएपछि खासगरी सरकारी सञ्चारमाध्यमहरू जस्तो *गोरखापत्र* तथा *द राइजिङ नेपाल*मा नयाँ पत्रकार नियुक्त गर्ने क्रममा महिलाको सङ्ख्या पनि बढेको देखिन्छ।

**तालिका ३.२: काठमाडौँका प्रमुख रेडियो र टेलिभिजनमा कार्यरत महिला पत्रकार सङ्ख्या**

| टेलिभिजन | | रेडियो | |
|---|---|---|---|
| **संस्था** | **सङ्ख्या** | **संस्था** | **सङ्ख्या** |
| कान्तिपुर टेलिभिजन | ४ | रेडियो नेपाल | ५ |
| इमेज च्यानल | ७ | रेडियो सगरमाथा | ६ |
| नेपाल टेलिभिजन* | ६ | कान्तिपुर एफएम | २ |
| नेपाल वान | १ | नेपाल एफएम | ४ |
| एभेन्युज टेलिभिजन | १८ | उज्यालो एफएम | ७ |
| च्यानल नेपाल | २ | इमेज च्यानल एफएम | २ |
| सगरमाथा टेलिभिजन | ५ | | |

स्रोतः सम्बन्धित संस्थासँग आबद्ध व्यक्तिहरूसँगको कुराकानी (मङ्सिर २०६४)।

* यसै पुस्तकमा दीपा गौतमको लेखमा नेपाल टेलिभिजनको व्यवस्थापन तहमा रहेका महिलाको सङ्ख्या नै नौ जना देखिन्छ। यो लेखमा नेपाल टेलिभिजनमा कार्यरत महिला पत्रकारलाई मात्र लिइएकोले सङ्ख्या फरक पर्न गएको छ।

समावेशी लोकतन्त्रको पैरवी गर्ने, पछाडि पारिएका वर्गको अधिकारका लागि आवाज उठाउने र महिला मुक्तिको कुरा गर्ने मूलप्रवाहका भनिने काठमाडौँ केन्द्रित राष्ट्रिय दैनिक, साप्ताहिक, पाक्षिक वा अन्य मिडिया हाउसहरूमा त पत्रकार महिलाको सङ्ख्या यस्तो छ भने मोफसलबाट सञ्चालित पत्रपत्रिका तथा रेडियोमा पत्रकार महिलाको सङ्ख्या नगण्य हुनु कुनै आश्चर्यको कुरा होइन।

पत्रकार महिलाको सङ्ख्या न्यून हुनुको एउटा मुख्य कारण पत्रकार छनोट, भर्ना र नियुक्तिका बेला लैङ्गिक संवेदनशिलता नअपनाइनु नै हो। जसले गर्दा पुरुषको तुलनामा अत्यन्त थोरै महिलाहरूले मात्र पत्रकारिताको मूल ढोकाबाट प्रवेश पाउँछन्। उदाहरणका लागि कुनै मिडिया हाउसले ३० जना पत्रकारलाई छनोट गरेको छ भने सामान्यतया तीमध्ये मुश्किलले तीनचारजना मात्र महिला पर्दछन्। त्यसमा पनि अझ टेलिभिजन जस्तो माध्यममा त महिलालाई समाचार सङ्कलन र सम्पादन गर्न प्रोत्साहन दिनुभन्दा समाचारवाचन र डेस्कको काममा लगाउने प्रवृत्ति नै बढी देखिन्छ।

## पत्रकारिताभित्र पत्रकार महिलाको स्थान

काठमाडौँमा कार्यरत पत्रकार महिलाहरूको पत्रकारिताको क्षेत्रमा के हैसियत छ भनेर केलाएर हेर्ने हो भने एकाधलाई छोडेर अधिकांशको हैसियत संवाददातामै सीमित छ। सरकारी तथा निजी मिडिया हाउसहरूको व्यवस्थापकीय तथा

सम्पादकीय तहको निर्णय प्रक्रियामा उनीहरूको पहुँच नगण्य छ, अर्थात् उनीहरूको हैसियत अति कमजोर छ । त्यसैले पनि होला पत्रकार महिलाले तयार पारेको समाचार विरलै मात्र मुख्य समाचार बन्दछ । विरलै मात्र पत्रकार महिलाको बाइलाइन पत्रपत्रिकाको मुख्य पृष्ठमा देख्न पाइन्छ । र, विरलै मात्र राजनीतिक दलका महिला नेतृ तथा नागरिक समाजका महिला प्रतिनिधिहरूको अन्तर्वार्ताले पत्रपत्रिका, रेडियो तथा टेलिभिजनमा स्थान पाउने गर्दछ । यदि मिडिया हाउसहरूको उच्च तहमा महिलाको सङ्ख्या र प्रभाव बढी हुँदो हो त उनीहरूको बाइलाइन पत्रिकाको मुख्य पृष्ठमा देखिने तथा महिला प्रतिनिधिको अन्तर्वार्ताले मिडियामा ठाउँ पाउने सम्भावना केही अधिक नै हुन्थ्यो । त्यस्तो तहमा बस्ने पुरुषमा लिङ्गीय संवेदनशीलता भए पनि त्यस्तो सहभागिताको मात्रा बढ्थ्यो तर अधिकांश पुरुषमा त्यो नदेखिएरै यस्तो समस्या आएको हो ।

चाउचाउ, जुत्ता, रक्सी, चुरोट वा कार जस्ता व्यापारिक कम्पनीहरूका भन्दा भिन्दै मूल्य-मान्यता तथा नैतिक जिम्मेवारी मिडिया संस्थाको हुन्छ । तर देशका सम्पूर्ण नागरिकहरूप्रति उत्तरदायी हुनुपर्ने सरकारी तथा निजी क्षेत्रका पत्रपत्रिका, रेडियो, टेलिभिजनका व्यवस्थापक र मालिकहरूले अझै पनि पत्रकार महिलाको सङ्ख्या वृद्धि गर्नु र उनीहरूलाई निर्णायक तहमा पुऱ्याउनु आफ्नो नैतिक जिम्मेवारी ठानेका छैनन् । राज्यको हरेक तहमा ३३ प्रतिशत महिला हुनुपर्ने संसदको घोषणालाई ठूलठूला अक्षरमा छाप्ने मिडिया हाउसहरूले आफूकहाँ ३३ प्रतिशत त परै जाओस् १० प्रतिशत महिला राख्न पनि आवश्यक ठानेका छैनन् । यी मिडिया मालिक तथा त्यहाँ कार्यरत सम्पादक वा निर्णायकहरूले राज्यका हरेक तहमा सके ५० प्रतिशत नसके कमसेकम ३३ प्रतिशत महिला सहभागी गराउनै पर्छ भनेर कुन अनुहारले पैरवी गर्ने ?

निश्चित प्रतिशत पत्रकार महिलालाई नियुक्ति दिन मिडिया हाउसहरूलाई कुनै कानुनी बाध्यता वा नैतिक दबाब छैन । बढीभन्दा बढी पत्रकार महिलालाई नियुक्ति दिने मिडिया हाउसलाई सरकारका तर्फबाट कुनै सहुलियत, सुविधा वा आकर्षण पनि छैन ।

नेपाल पत्रकार महासङ्घ, प्रेस काउन्सिल नेपाल र मिडियासँग सम्बन्धित अन्य अधिकारवादी सङ्घसंस्थाहरूले पनि मिडिया हाउसहरूमा पत्रकार महिलाको सङ्ख्या बढाउन र उनीहरूलाई निर्णायक तहमा पुऱ्याउन आजसम्म कुनै पहल र नैतिक दबाब सिर्जना गर्न आवश्यक ठानेकै छैनन् । ठानून् पनि कसरी ? अधिकारवादी ती सङ्घसंस्थाहरू नै पुरुषप्रधान छन् । महिला अधिकार र समावेशीकरणको हल्लाखल्ला चर्किन थालेपछि देखाउनकै लागि मात्र भए पनि

पत्रकार महासङ्घ तथा प्रेस काउन्सिलले कार्यसमितिमा महिलालाई मनोनित गर्न थालेका हुन् । पत्रकार सङ्घ र महासङ्घको गरी करिब ५० वर्ष लामो इतिहासमा अत्यन्त थोरै पत्रकार महिलाहरूले मात्र केन्द्रीय समितिमा मनोनित र निर्वाचित हुने मौका पाएको देखिन्छ । नेपाल पत्रकार महासङ्घको करिब १८ वर्ष लामो इतिहासमा २०५९ सालको केन्द्रीय निर्वाचनमा पहिलो पटक निर्मला शर्माले सदस्य पदमा चुनाव जितेको इतिहास छ भने २०५२ सालमा राधा बुढाथोकी उपसभापति पदमा निर्विरोध निर्वाचित भएकी थिइन् । नेपाल पत्रकार महासङ्घले २०४६ सालदेखि नै महिलालाई कार्यसमितिमा मनोनित गर्न सुरु गरेको देखिन्छ । २०६२ सालमा सम्पन्न नेपाल पत्रकार महासङ्घको केन्द्रीय चुनावमा कोषाध्यक्ष पदका लागि चुनाव लड्ने निर्मला शर्मा एक मात्र महिला उम्मेद्वार थिइन् । तर अध्यक्ष लगायत सम्पूर्ण पदमा पुरुषहरूको जित भएपछि कार्यसमितिमा रेडियो सगरमाथामा कार्यरत दुर्गा कार्कीलाई केन्द्रीय सदस्यका रूपमा मनोनित गरिएको थियो ।

त्यसरी नै पत्रकार महासङ्घले पत्रकार महिलाका सवालमा सेमिनार र गोष्ठी गर्न थालेको पनि एकदुई वर्षभन्दा बढी भएको छैन । त्यो पनि दाताको पैसाले । हालै मात्र महासङ्घले आफ्नो विधान संशोधन गरेर आगामी चुनावदेखि एकजना महिला सदस्यका लागि आरक्षणको व्यवस्था गरेको छ । तर यो पदका लागि महिला महिलाबीच नै चुनाव गराइने प्रावधान छ । त्यसैगरी जिल्लाको हकमा चाहिँ महिला सदस्य भएसम्म अनिवार्य रूपले एउटा सिट महिलालाई नै दिनुपर्ने व्यवस्था पनि गरेको छ । प्रेस काउन्सिलको हकमा चाहिँ २०६३ सालमा गठित प्रेस काउन्सिलको केन्द्रीय समितिमा पनि सदस्यको पदमा एकजना मात्र महिला प्रतिनिधि ज्ञानु पाण्डेलाई संलग्न गराइएको थियो ।

महिलालाई प्रतिनिधित्व गराउने सवालमा मिडियासँग सम्बन्धित अधिकारवादी सङ्घसंस्थाकै त अहिलेसम्म यो हविगत छ भने ती संस्थाका पुरुषहरूले नै व्यापारिक मिडिया कम्पनीका मालिकहरू र कम्पनीमा कार्यरत पत्रकार सहकर्मीहरूलाई पत्रकार महिलाको सङ्ख्या बढाउ र उनीहरूलाई निर्णायक भूमिका देउ भनेर के का आधारमा माग गर्ने ? सरकारलाई यससम्बन्धी नीति बनाउ भनेर कसरी दबाब सिर्जना गर्ने ?

नेपाली मिडिया अधिकारवादी सङ्घसंस्था मात्र होइन, बेलाबेलामा प्रेसलाई अप्ठेरो परेको बेलामा सहयोग गर्न र पूर्ण प्रेस स्वतन्त्रताको वकालत गर्न नेपाल आउने अन्तर्राष्ट्रिय पत्रकार महासङ्घ र अन्य अन्तर्राष्ट्रिय दातृ सङ्घसंस्थाका प्रतिनिधिहरू रहेका अन्तर्राष्ट्रिय मिडिया मिसन पनि लैङ्गिक संवेदनशिलताका

मामिलामा नेपाली सङ्घसंस्था भन्दा कम छैनन् । त्यो कसरी भने, नेपाल आउने मिसनका अधिकांश प्रतिनिधिहरू पुरुषै हुने गरेका मात्र होइनन् तिनले चाहे ती नेपाल पत्रकार महासङ्घका प्रतिनिधि हुन् वा नागरिक समाज तथा राजनीतिक पार्टीका प्रतिनिधि अथवा माओवादी नेता वा कार्यकर्ता जोसुकै भए पनि अधिकांश पुरुषलाई नै भेट्छन्, छलफल गर्छन् । त्यसपछि उनीहरूकै विचार, भनाइ र अवस्थाबाट प्रभावित भई नेपाली पत्रकारिता र देशको राजनीतिक अवस्थाबारे आफ्नो धारणा बनाउने गर्दछन् । यसैका आधारमा नेपाली पत्रकारितालाई टेवा दिने नाममा आर्थिक, प्राविधिक तथा नैतिक सहयोग जुटाउँदछन् ।

यसरी नेपाली पत्रकारितामा महिलाको सहभागिता, दृष्टिकोण तथा निर्णायक तहमा उनीहरूको प्रतिनिधित्वको सवालसम्बन्धी कुनै प्रश्न नउठाई खुरुखुरु नेपाली पत्रकारिताको पुरानै संरचना र पुरुष पत्रकारहरूको पुरानै सोचलाई मलजल पुऱ्याइरहने विदेशी मिडिया अधिकारवादी तथा दातृ सङ्घसंस्थाका सोच र प्रवृत्ति पनि पत्रकार महिलाको विकासमा केही हदसम्म वाधा बनेका छन् । किनभने उनीहरूका त्यस्ता सहयोग र समर्थनले पत्रकार महिलाको सङ्ख्या, क्षमता तथा सिर्जनशीलता बढाउन र उनीहरूलाई निर्णायक तहमा पुऱ्याउन खासै सहयोग पुगेको छैन । बरु अन्तर्राष्ट्रिय मिडिया मिसनका प्रतिनिधिहरूको शारीरिक उपस्थिति, आर्थिक र नैतिक समर्थन तथा सहयोगले नेपालमा पुरुष पत्रकारिता मात्र फस्टाएको छ । भन्नुको अर्थ, उनीहरूको सहयोग र समर्थनले पुरुष पत्रकारिताको जग अझ बलियो हुन गई पत्रकार महिलाहरूलाई पुरुष पत्रकारहरूसँग प्रतिस्पर्धा गर्न झन् गाह्रो भएको छ ।

पुरुषप्रधान अन्तर्राष्ट्रिय मिडिया मिसनको एउटा उदाहरण लिउँ, नेपाली प्रेसलाई सहयोग गर्न आएको एउटा ठूलो दलबल सहितको अन्तर्राष्ट्रिय मिडिया मिसनमा एकजना मात्र महिला प्रतिनिधि थिइन् । सो मिसनले काठमाडौं केन्द्रित विभिन्न सङ्घसंस्थाका प्रतिनिधिलगायत राजनीतिक पार्टीका नेताहरूलाई भेट्ने कार्यक्रम राखेको थियो । तर जानेर वा नजानेर त्यति बेला पनि उनीहरूले प्रेस, राजनीतिक दलका नेता र नागरिक समाजका पुरुष प्रतिनिधिहरूसँग मात्र भेटघाट र छलफल गरिरहेका थिए । यो सबै देखेर २०६३ भदौमा केही पत्रकार महिलाहरूले आफ्नै पहलमा मिसनलाई भेटेर मिडियामा महिलाको सहभागिता र दृष्टिकोणसम्बन्धी कुरा राखेका थिए ।

सरकार, मिडिया मालिक र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मिडिया अधिकारवादी सङ्घसंस्था त उस्तै भए भए । पत्रपत्रिका, रेडियो तथा समाचारका विषय के हो र के होइन भनेर निर्णय गर्न सक्ने, मिडिया मालिकहरूलाई समेत आफ्नो

प्रभावमा पार्न सक्ने र प्रेस स्वतन्त्रता, लोकतन्त्र तथा अरूका मानवअधिकार बारेमा वकालत गर्दै हिँड्ने विभिन्न मिडिया हाउसमा कार्यरत प्रभावशाली पत्रकार पुरुषहरू पनि किन उस्तै ? किन आफू कार्यरत मिडिया हाउसमा पत्रकार महिलाको सङ्ख्या बढाउन, उनीहरूको मानवअधिकारको कुरा उठाउन, उनीहरूलाई निर्णायक तहमा पु-याउन र विभिन्न विषयगत रिपोर्टिङ र लेखनमा पनि प्रशिक्षित गर्दै लैजान उनीहरू खासै उत्साहित देखिँदैनन् ?

मूलप्रवाहका सबैजसो पत्रपत्रिका, रेडियो तथा टेलिभिजनका सम्पादक, चिफ रिपोर्टर जस्ता निर्णायक पदमा पुरुषहरू नै भएकाले पत्रकार महिलाको सङ्ख्या बढाउन सरकार, मिडिया मालिक र अन्य सङ्घसंस्थालाई घच्घच्याउने र आफूसँगै काम गर्ने पत्रकार महिलालाई सामाजिक विषयवस्तुका साथमा राजनीति, संसदका गतिविधि, द्वन्द्व र परराष्ट्र जस्ता विषयहरूमा पनि समाचार सङ्कलन गर्न तथा लेख्न प्रेरित र प्रशिक्षित गर्दै लैजाने जिम्मेवारी केही हदसम्म उनीहरूको पनि होइन र ?

## के लेख्छन् पत्रकार महिलाहरू ?

जसरी गाउँघर तथा टोलछिमेकमा दलितले धारा पानी छुन पाउँदैनन्, ठूला जात भनाउदा मान्छेका घर र भान्छामा पस्न पाउँदैनन्; त्यसरी नै पत्रकार महिलाले पनि नेपाली मिडियामा प्रमुख समाचार बन्ने वा बनाइने राजनीतिक घटना, राजनीतिक दलका गतिविधि, संसद गतिविधि, द्वन्द्व, अन्तर्राष्ट्रिय मामिला, खेलकुद, व्यापार आदि विषयहरू हतपति छुन पाउँदैनन् ।

राजनीति, राजनीतिक दलका गतिविधि, संसद गतिविधि, माओवादी द्वन्द्व आदि विषयका रिपोर्टिङ र सम्पादनका कुरा उठे पत्रकार पुरुषहरू तर्क गर्छन्, “महिलाहरूले राजनीतिको विषयमा लेख्न पाइएन भनेर गुनासो मात्र गरेर त भएन नि उनीहरूले पनि त केही गरेर देखाउनु प-यो नि ।” तर उनीहरू स्पष्ट भन्न सक्दैनन् महिलाले के गरेर देखाउनुपर्ने हो र किन गरेर देखाउनुपर्ने हो । यही कुरा पुरुषहरूलाई किन लागू हुँदैन ?

पत्रकार पुरुषहरूले ‘महिलाले केही गरेर देखाउनु प-यो’ भनिरहँदा महिला भएकै कारणले उनीहरूमाथि हुने प्रत्यक्ष तथा अप्रत्यक्ष लैङ्गिक भेदभावका कुराहरू चाहिँ बिर्सन्छन् । यसको एउटा उदाहरण लिउँ, उस्तै वा पुरुषको भन्दा पनि माथिल्लो स्तरको शैक्षिक र बौद्धिकस्तर तथा उही उमेरका महिला र पुरुषले एकै समयमा कुनै पत्रपत्रिका, रेडियो वा टेलिभिजनमा काम सुरु गरेमा सामान्यतया पुरुष पत्रकारलाई चाहिँ सुरुदेखि नै ज्ञान भए पनि नभए पनि सीधै राजनीति, द्वन्द्व

आदि विषयमा रिपोर्टिङ तथा सम्पादन गर्न लगाउने र महिलालाई चाहिँ नेपाली पत्रकारहरूले 'सफ्ट स्टोरी' मान्ने सामाजिक विषयवस्तुहरू जस्तै महिला, बालबालिका, स्वास्थ्य, फेशन, मनोरञ्जन आदि सुम्पने चलन छ । यद्यपि लिङ्गको आधारमा बिट बाँडफाँट गर्ने कुरा कुनै पनि मिडिया हाउसको नीतिमा लेखिएको वा निर्णय गरिएको हुँदैन । मिडिया मालिक तथा पुरुष पत्रकारहरू पनि पत्रकार महिलामाथि हुने यो भेदभाव वा फरक व्यवहारको कुरालाई हत्तपत्ति स्वीकार्दैनन् । तर अधिकांश पत्रकार महिलाहरूको भनाइमा अप्रत्यक्ष रूपले आफूहरूमाथि बिट बाँड्ने काममा भेदभाव हुने गरेको छ । आत्मविश्वासको कमी, जागीर जाने, एक्लिने, नेतागिरी गरेको आरोप लाग्ने र आफूभन्दा माथिल्ला पदका पुरुष पत्रकारले आफूले दुःख गरी खोजेर ल्याएको समाचार नछापिदेला वा प्रसारण नगरिदेला भन्ने असुरक्षाको भावले र प्रत्यक्ष आफ्ना सम्पादक वा आफूभन्दा माथिका पुरुष पत्रकारलाई आरोप लगाएर कुरा गर्नुपर्ने भएकोले उनीहरू आफूलाई लागेका कुरा खुलेर व्यक्त गर्न चाहँदैनन् ।

पत्रकार महिलाको सङ्ख्या नै सानो भएकोले, सङ्गठित नभएकोले र देशभरि छरिएर रहेकोले उनीहरूले आफ्नै र आफ्ना सहकर्मीहरूका समस्या बुझ्न र आफ्ना मुद्दाहरूलाई सशक्त ढङ्गले उठाउन सकिरहेका छैनन् । अरूको अधिकारका बारेमा कलम चलाउने पत्रकार महिलाहरूले आफ्नै अधिकार हनन् भइरहेको कुरा चाहिँ गर्न सकिरहेका छैनन् । तर अहिले आएर यो विषयमा पत्रकार महिलाहरूले आफू आफूबीच अनौपचारिक रूपमा छलफल गर्ने र मौका पाएको बेलामा औपचारिक कार्यक्रमहरूमा पनि यी विषयहरूमा कुरा उठाउन चाहिँ थालिसकेका छन् ।

एउटा दैनिक पत्रिकामा गत पाँच वर्षदेखि कार्यरत पत्रकार महिलाले नाम नखुलाउने सर्तमा आफूले सामाजिक विषयवस्तुबाहेक परराष्ट्र मामिला र खेलकुदसम्बन्धी समाचार सङ्कलन गर्न पनि इच्छुक रहेको कुरा गर्दा सम्पादकले यी विषयमा लेख्ने अरू नै छन् भन्दै आलटाल गरेको बताइन् । त्यस्तै, गत आठ वर्षदेखि एउटा दैनिकमा कार्यरत पत्रकार महिलाले संसदको रिपोर्टिङ गर्छु भनेर पटक-पटक सम्पादकसँग अनुरोध गर्दा पनि विभिन्न बहाना बनाएर झुलाइरहेको बताइन् । त्यस्तै टेलिभिजनमा कार्यरत एकजना पत्रकार महिलाले समाचार सङ्कलन गर्न जानका लागि व्यवस्थापनसँग केही पटक कुरा राख्दा व्यवस्थापनले तिनलाई डेस्कमै काम गर्न अह्राएको बताइन् । यस्ता अरू पनि धेरैका कथा, व्यथा र असन्तुष्टिहरू छन् । तर उनीहरू यसलाई खुलेर व्यक्त गर्न र सम्बन्धित पक्षसँग आफ्ना भनाइ तथा मागलाई बलियो ढङ्गले राख्न साहस जुटाउन सकिरहेका छैनन् ।

केही पत्रकार महिलाहरू भने आफू र अरू पत्रकार महिलाहरूमाथि लिङ्गको आधारमा भेदभाव हुने गरेको कुरा स्वीकार्दैनन्। उनीहरूले चाहेको बिटमा समाचार सङ्कलन गर्न र लेख्न उनीहरूलाई कहिले पनि कसैले नरोकेको र दक्ष, आत्मविश्वासी तथा काम गरेर देखाउन सक्नेहरूले भेदभावको शिकार हुनु नपर्ने उनीहरूको धारणा छ। उनीहरूको भनाइअनुसार हिनताबोध भएका र काममा दक्ष नभएकाहरूले मात्र भेदभावको कुरा गर्छन्। तर यसो भन्ने पत्रकार महिलाको सङ्ख्या अत्यन्तै न्यून छ।

जसले जे भने तापनि अधिकांश पत्रकार महिलाहरूले लेख्ने विषयहरू भनेका नेपालको सन्दर्भमा 'सफ्ट स्टोरी' भनिने महिला, बालबालिका, स्वास्थ्य, मनोरञ्जन, घरपरिवार जस्ता विषयवस्तुहरू नै हुन् र यिनका स्थान प्रायः पत्रपत्रिकाका कुनाकाप्चा वा भित्री पेज नै हुने गर्दछन्। रेडियो र टेलिभिजनमा भए सामान्यतया प्राइम टाइम भनिने समयमा यी विषयवस्तुहरू प्रसारण हुँदैनन्। च्यानल नेपालमा कार्यरत पत्रकार राजन शर्मा महिलालाई हेर्ने पुरानो दृष्टिकोणले केही हदसम्म पत्रकारिताको क्षेत्रमा पनि काम गरेको र यसले गर्दा समाचारका सीमित विषयहरूमा मात्र महिलालाई लगाइने चलनलाई रहेको कुरा स्वीकार्छन्। उनका अनुसार अपवादलाई छोडेर पत्रकार महिला खासगरी महिला बिट वा गैरसरकारी संस्थाहरूले अघि सारेका बिटहरू नै दिने गरिन्छ। उनी भन्छन्, "अब यो मानसिकतालाई तोड्नु पर्छ।"[२]

महिला बालबालिका जस्ता विषयमा लाग्दा पत्रकारको ख्याति तुलनात्मक हिसाबले कम नै हुन्छ। र व्यवहारमा लामो समय पत्रकारिता गर्दा पनि तिनको स्थान चाहिँ झण्डै जहाँको तहीँ नै हुने गरेको देखिन्छ। उता राजनीति, संसद गतिविधि, द्वन्द्व, अन्तर्राष्ट्रिय मामिला, व्यापार आदि विषयमा रिपोर्टिङ तथा सम्पादन गर्ने पुरुषले छोटो समयमा नै यी क्षेत्रका धेरै किसिमका मानिसहरूसँग अन्तर्क्रिया गर्ने, देश विदेश डुल्ने र बढुवा हुने मौका प्राप्त गरेर पत्रकारिता गर्न थालेको पाँचसात वर्षभित्रमा सम्पादक हुने वा निर्णायक तहमा पुग्ने गरेको पाइन्छ। यसो भन्नुको अर्थ पत्रकारिताको खुट्किला चढ्न सबै पत्रकारले दलगत राजनीतिका समाचार तथा लेख नै लेख्नु वा सम्पादन गर्नुपर्छ र महिला, बालबालिका वा अन्य सामाजिक विषयवस्तुका बारेमा कलम चलाउनु नै हुँदैन भनेको होइन। साथै राजनीतिक विषयवस्तुहरू ठूला र सामाजिक विषयवस्तुहरू साना हुन् भन्न खोजेको पनि होइन। तर व्यवहारमा भने राजनीति, द्वन्द्व, दलगत

[२] राजन शर्मासँग गरिएको कुराकानीमा आधारित।

राजनीति आदि विषयमा काम गर्ने पत्रकारको सामाजिक तथा आर्थिक हैसियत र सामाजिक विषयवस्तुमाथि कलम चलाउने पत्रकारको सामाजिक तथा आर्थिक हैसियतमा ठूलै भिन्नता हुने भएकोले मात्र यो कुरा उठाउन खोजिएको हो। महिला हुने बित्तिकै सुरुदेखि नै महिला, बालबालिका, स्वास्थ्य, फेशन र मनोरञ्जन जस्ता विषय सुम्पने सम्पादकहरूको परम्परागत सोच तथा प्रवृत्ति पनि गलत छ र पत्रकारिताको बिट बाँड्दा लिङ्गको आधारमा भेदभाव गरिनु हुँदैन भनेर तर्क गर्न खोजिएको हो। साथै पत्रकार महिलाहरू आफैं केही गर्न चाहँदैनन्, वा गर्न सक्दैनन्, उनीहरू जटिल वा चुनौतीपूर्ण विषयवस्तुहरू राम्ररी बुझ्दैनन् र उनीहरूलाई ती विषयप्रति चासो पनि हुँदैन भन्ने पूर्व धारणा बनाएर उनीहरूले ती विषयहरूभित्र प्रवेश गर्ने मूल ढोका नै बन्द गर्नु पनि गलत हो भन्न खोजिएको मात्र हो।

अर्कातिर पत्रकार महिला राति एक्लै हिँड्न सक्दैनन्। समाचार सङ्कलन गर्न अप्ठेरो ठाउँमा एक्लै यात्रा गर्न सक्दैनन्। चुनौतीसँग सामना गर्न डराउँछन्। राजनीतिक सवालहरू कम बुझ्छन्। घर, पति, बालबच्चा र परिवारको स्याहारसुसार गर्नुपर्ने भएकाले महिलाले हत्तपत्ति पत्रकारिता पेशा अपनाउन सक्दैनन्। अपनाइहाले तापनि निरन्तरता दिन सक्दैनन् भन्ने बनिबनाउ धारणा समाजमा व्याप्त छ। मिडिया मालिक तथा पत्रकार पुरुषहरू पनि यो धारणाबाट धेरै माथि उठ्न सकेका छैनन्।

पितृसत्ता, सामाजिकीकरण, पारिवारिक वातावरण, र महिला भएको कारणले नै अपनाउनुपर्ने विभिन्न सामाजिक मूल्य मान्यताका कारणले कतिपय राजनीतिक तथा अन्य विषयहरूमा धेरै महिलाको ज्ञान, अनुभव, सीप, अध्ययन तथा पहुँच पुरुषको भन्दा कम हुनु स्वाभाविकै हो। यसैगरी पत्रकार महिलाहरूले आफूले नियमित रिपोर्टिङ तथा सम्पादन गरिरहेका विषयहरू बाहेक नयाँ विषयवस्तुमा चासो दिन, अध्ययन अनुसन्धान र विश्लेषण गर्न तथा नयाँ दृष्टिकोण बनाउन नसकेको कुरा पनि केही हदसम्म सत्य हो।

तर राजनीतिका साथै अन्य जटिल वस्तुहरू महिलाले पनि बुझ्न र सिक्न सक्छन्। अवसर, अध्ययन, अनुभव तथा अनुसन्धानले ती विषयवस्तुसम्बन्धी जानकारी तथा ज्ञान बढाउन सकिन्छ भन्ने मान्यताले निर्देशित भएर राज्य, मिडियासँग सम्बन्धित अधिकारवादी सङ्घसंस्था र सरकारी तथा निजी मिडिया हाउसहरूले पत्रकार महिलाहरूलाई पनि राजनीति, द्वन्द्व, व्यापार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मामिला, खेलकुद आदि विषयहरूमा समाचार सङ्कलन तथा सम्पादन गराउन सकारात्मक विभेदको नीति ल्याउनुपर्दछ। यसरी उनीहरूलाई पनि

पुरुष पत्रकारलाई झैँ चुनौतीपूर्ण विषयमा काम गर्ने वातावरण र प्रोत्साहन दिइयो भने निश्चय पनि निश्चित समयपछि केहीले नसके पनि धेरैले ती विषयहरूमा परिपक्व हुने मौका पाउनुका साथै स्पष्ट राजनीतिक दृष्टिकोण निर्माण गर्न सक्नेछन् । यसो हुन सके मात्र पत्रकारिताको क्षेत्रमा राजनीतिलाई हेर्ने थप महिला दृष्टिकोणको विकास हुने छ । पाठक, श्रोता र दर्शकले पनि पत्रकार महिलाले लेखेको समाचार वा तयार पारेको कार्यक्रममा नौलोपना र ती विषयलाई हेर्ने पुरुषको भन्दा फरक दृष्टिकोण पाउने छन् र पत्रकारिताको क्षेत्रमा नयाँ आयाम थपिनेछ । पत्रकारिताको बजारीकरणको दृष्टिकोणले पनि यो कुरा मनन् गर्नु जरुरी छ ।

## किन छोड्छन् महिलाले पत्रकारिता ?

टेलिभिजनका पर्दाहरूमा फेशनदार कपडा लगाएर अङ्ग्रेजी मिसिएको नेपालीमा कार्यक्रम सञ्चालन गर्ने फुर्तिला कार्यक्रम प्रस्तोता युवती तथा सुन्दर समाचार वाचिकाहरूलाई हेर्दा जति यो पेशा ग्ल्यामरस देखिन्छ, पत्रकारहरूले प्रधानमन्त्री, नेता र अन्य गन्यमान्य व्यक्तिहरूलाई थर्काइथर्काई प्रश्न सोधेको देख्दा वा पढ्दा यो पेशा जति रोमाञ्चक लाग्छ त्यति नै यो पेशामा लाग्नेहरूको भविष्य अरू क्षेत्रको तुलनामा अनिश्चित र आर्थिक रूपले कठिन छ ।

गत दस बाह्र वर्षदेखि महिलाले पनि पत्रकारितालाई क्यारियर बनाउन सक्ने सम्भावनाका ढोकाहरू खुले पनि यही पेशालाई निरन्तरता दिने वातावरण चाहिँ अझै बन्न सकेको छैन । २०४७ सालमा निर्मित संविधानले प्रशस्त प्रेस स्वतन्त्रता प्रदान गरेपछि नेपालमा मिडिया उद्योगले फस्टाउने मौका पायो । व्यावसायिक पत्रकारिता सुरु भयो । केही सय पत्रकारले पत्रकारिता गरेर बाँच्न सक्ने अवस्था पनि सिर्जना भयो ।

महिलाको हकमा चाहिँ प्रथमतः उनीहरूले यो क्षेत्रमा प्रवेश पाउन नै गाह्रो छ, पाइसकेकाले पनि निश्चित विषयहरूको रिपोर्टिङ तथा सम्पादनमा खुम्चिएर बस्नुपर्ने अवस्था छ । झ्वाट्ट हेर्दा पत्रकार महिलाको बढुवा चाहिँ ढिलो हुने प्रवृत्ति छ जसले गर्दा पुरुषको तुलनामा महिलाले चिफ रिपोर्टर, सिनियर रिपोर्टर, सम्पादक बन्न वा निर्णायक तहसम्म पुग्न तय गर्नुपर्ने बाटो पनि निकै लामो छ । साथै पत्रकारको तलब र सुविधा पनि अरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको तुलनामा न्यून छ । त्यसमाथि, घर परिवार, समाज, पुरुषप्रधान समाचार कक्षको वातावरण, दिनरात भन्न नपाइने कामको प्रकृति आदिका कारणले

पत्रकार महिलाले पत्रकारिता छोडेर अरू नै पेशा अपनाउनुपर्ने वा काम छोडेर घरै बस्नुपर्ने दबाब पनि निकै चर्को छ ।

केही वर्ष पत्रकारिता गरेका र खासगरी अङ्ग्रेजी भाषामा दक्ष पत्रकार महिलालाई चाहिँ अन्तर्राष्ट्रिय सङ्घसंस्थामा काम पाउन त्यति गाह्रो छैन । अझ कतिपय सङ्घसंस्थाहरूले त अनुभवी र दक्ष पत्रकार महिलाहरूलाई राम्रो पद, अन्तर्राष्ट्रिय स्तरको तलब तथा सुविधा दिएर आकर्षित गर्ने गरेका छन् । यसको पछिल्लो उदाहरणको रूपमा नेपालको शान्ति प्रक्रियालाई सघाउन आएको नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) लाई लिन सकिन्छ, जहाँ केही स्थापित पत्रकार महिलाहरूले पत्रकारिता छोडेर प्रवेश गरेका छन् । पत्रकारिता क्षेत्रमा स्थापित भइसके पनि यो क्षेत्र छोडेर अनमिनलगायत अन्य विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थामा प्रवेश गर्ने पत्रकार महिलाहरूको सूची लामो छ । स्वस्तिका भट्टराई, रम्यता लिम्बू, कविता शेरचन, हेमलता राई, मिना कैनी, इला शर्मा, रेनु क्षेत्री, रेखा श्रेष्ठ, शारदा रिजाल आदि नामहरू यसका केही उदाहरणहरू हुन् ।

मिडिया उद्योगको संस्थागत विकास बलियो भइनसकेको र श्रमजीवी पत्रकार ऐन पूर्णरूपले लागू नहुनाले निजी क्षेत्रबाट सञ्चालित मिडिया हाउसहरूको सङ्ख्या बढे पनि तिनले पत्रकारलाई उचित तलव भत्ता तथा सुविधा उपलब्ध गराउन सकेका छैनन् । निजी क्षेत्रका कतिपय ठूला दैनिक, रेडियो तथा टेलिभिजनले त आफ्ना संस्थामा कार्यरत पत्रकारहरूलाई महिनौँसम्म तलब खुवाउन नसकेर पत्रकारहरूको सङ्ख्या तथा सुविधा कटौती गरेका उदाहरणहरू पनि छन् । यस्तो अवस्थामा ती मिडिया हाउसहरूमा कार्यरत सबै पत्रकारहरू पीडित हुनु स्वाभाविकै भए तापनि पत्रकार महिला चाहिँ अझ बढी पिडित हुने गरेको पाइन्छ ।

आर्थिक वा अन्य कुनै कारणले कुनै मिडिया हाउसमा पत्रकार सङ्ख्या कटौती गर्दा भएका एक दुईजना महिलाहरूलाई समेत अवकाश दिइएका उदाहरणहरू छन् । जस्तो *राजधानी* दैनिकमा पत्रकार सङ्ख्या कटौती गर्दा सो दैनिकको पहिलो अङ्कदेखि त्यहाँ कार्यरत एक मात्र पत्रकार महिला विष्णु शर्मालाई पनि २०६३ पुस १५ देखि अवकाश दिइएको थियो । त्यसरी नै *कान्तिपुर* दैनिकको सुरुको अङ्कदेखि नै त्यहाँ कार्यरत पत्रकार स्वस्तिका भट्टराईलाई पत्रकार कटौती गर्ने निहुँमा सो प्रकाशनमा करिब पाँच वर्ष जति काम गरेपछि अवकाश दिइएको थियो । हाल विष्णु शर्माले शिक्षण पेशाका साथमा फ्रिलान्स पत्रकारिता पनि गरिरहेकी छन् भने स्वस्तिका भट्टराई गैरसरकारी संस्थामा कार्यरत छिन् ।

गत चारवर्षदेखि करारमा संवाददाताका रूपमा *गोरखापत्र* दैनिकमा कार्यरत पत्रकार गीता मैनाली पनि अहिले पत्रकारिताको क्षेत्रमा अडिरहन गोरखापत्र

व्यवस्थापनसँग लडिरहेकी छिन्। स्थायी पदका लागि परीक्षा दिएकी गीता मैनाली परीक्षामा असफल भएकी थिइन्। तर मैनालीका अनुसार *गोरखापत्र* व्यवस्थापनले कहिल्यै व्यावसायिक पत्रकारिता नगरेका नयाँ परीक्षार्थीलाई स्थायी पदका लागि उत्तीर्ण गराएर आफूलाई अनुत्तीर्ण गराएको भन्दै अख्तियारमा मुद्दा दायर गरेपछि अख्तियारले परीक्षाको उत्तरपुस्तिका झिकाई विश्लेषण गरेर परीक्षाको नतिजा न्यायपूर्ण नभएको भन्दै *गोरखापत्र*को व्यवस्थापनलाई परीक्षाबारे आवश्यक जाँचबुझ गर्न निर्देशन दिएको छ। अझै *गोरखापत्र* दैनिकमा करारमा कार्यरत मैनालीले हाल *गोरखापत्र* व्यवस्थापनले तिनलाई हरेक महिना नयाँ करार पत्र दिने मात्र होइन तिनले खोजेर ल्याएको समाचार समेत नछापेर मानसिक यातना दिइरहेको बताइन्।[३]

महिलालाई पत्रकारिता क्षेत्रमा अडिरहन हतोत्साहित गर्ने अर्को एउटा कारण पत्रपत्रिकाका कार्यालय वा समाचार कक्षको वातावरण पनि हो, जुन महिला-मैत्री छैन। दैनिकमा भए पत्रिका बजारमा आउनुअघि हरेक रात नौ बजेदेखि बाह्र बजेसम्मको समय र साप्ताहिक तथा पाक्षिकमा भए हप्ता वा दुईहप्तामा पत्रिका बजारमा आउनु अघिका केही दिन पत्रकारहरूले बढी खट्नु पर्ने हुन्छ। थकान मेट्न, रमाइलो गर्न वा रातको समयमा काम गर्दा निद्रा भगाउन समाचार कक्षमा केही पुरुष पत्रकारहरूले बाहिरबाटै मादक पदार्थ सेवन गरेर आउने वा समाचार कक्षभित्रै ल्याएर पनि पिउने चलन नेपालको पत्रकारिता क्षेत्रमा नौलो होइन। पिएपछि साथी-साथीबीच बोल्दा वा जिस्कँदा अशिष्ट शब्दहरू मुखबाट फुत्कनु पनि कुनै असामान्य कुरा होइन। त्यसैले रातको समयमा धेरैजना पुरुष पत्रकारहरूका बीचमा एक्लै दुक्लै महिलाले काम गर्न त्यति सजिलो नहुने पत्रकार महिलाहरूको अनुभव छ।

मादक पदार्थ पिएर समाचार कक्षमा काम गर्न पाइन्छ वा पाइँदैन यो त पत्रकार स्वयं र सम्बन्धित मिडिया हाउसले नै सोच्नुपर्ने कुरा हो। तर मादक पदार्थ सेवन गरेर काम गर्ने पुरुषहरूसँगै बसेर काम गर्नु पर्दा महिलाहरूलाई ती पुरुषहरूले केही नभने तापनि र केही नगरे तापनि ती पुरुषबीच हुने कुराकानी सुन्दा र आफूलाई उनीहरूले केही अपशब्द बोल्लान् कि भनेर सतर्क हुनुपर्दा मानसिक रूपमा निकै तनाव सिर्जना हुने र त्यसलाई शब्दमा व्यक्त गर्न सजिलो नहुने पनि उनीहरूको भनाइ छ। नाम खुलाउन नचाहने एकजना पत्रकार

---

३ यो लेख अन्तिम रूपमा तयार हुँदा हुँदै *गोरखापत्र* दैनिकको व्यवस्थापनले मैनालीलाई २०६४ पुस २९ मा अवकास दिएको थाहा भएको छ।

महिलाले केही समयअघि आफूले काम गर्ने एउटा ठूलो दैनिक पत्रिकाको समाचार कक्षमा राति वियरका बोतलहरू लडिरहेको देखेर तिनलाई कसैले दुर्व्यवहार नगरे पनि रातको समयमा त्यहाँ काम गर्न आफू प्रोत्साहित नभएको बताइन् ।

ठूला मिडिया हाउसहरूमा पत्रकार महिलाले भोग्नुपर्ने अर्को समस्या शौचालयको पनि हो । केही मिडिया हाउसको व्यवस्थापनसँग पत्रकार महिलाहरूले यो विषयलाई उठाएपछि पुरुष र महिलाका लागि शौचालयको व्यवस्था परिवर्तन गरिएको उदाहरणहरू पनि छन् । हुन त, शौचालय जस्तो विषय केही पनि होइन जस्तो लाग्छ र यस्तो कुरालाई पनि मुद्दा बनाउने हो र भनेर खिसी गर्नेहरू पनि हुन सक्छन् । तर काम गर्ने वातावरणको कुरा गर्दा यस्ता सानातिना विषयले पनि पत्रकारको सिर्जनशीलता, काम गर्ने क्षमता, इच्छा र तनावको तहमा ठूलो असर पारिरहेको हुन्छ । यस्ता स-साना कारणहरूले पनि पत्रकार महिलालाई यो पेशा छोडेर अन्यत्रै लाग्न बाध्य बनाउन सक्छ ।[४]

पत्रकारिताको क्षेत्रमा महिलाको सङ्ख्या बढाउन र लामो समयसम्म महिलाहरूलाई यो क्षेत्रमा टिकाइरहने वातावरण तयार पार्न प्रेस काउन्सिल, नेपाल पत्रकार महासङ्घ लगायत पत्रकार महिलाका सङ्घसंस्था र मिडिया हाउसहरूले सहकार्य गर्ने बेला आइसकेको छ । सिङ्गै समाजलाई जिम्मेवार बनाउन दिनरात औँला ठड्याइरहने पत्रकार र मिडिया मालिकहरू पत्रकारिताको क्षेत्रमा महिलाको सहभागिता बढाउन र उनीहरूलाई निर्णायक तहमा पुऱ्याउन पनि जिम्मेवार हुनु पर्दछ । होइन भने, आफू परिवर्तन नभइकन अरूलाई मात्र परिवर्तनको पाठ पढाउने मिडियाको कुरा हाँसोको विषय मात्र बन्नेछ ।

बजारको दृष्टिकोणले पनि पुरुष पत्रकारिता अब लामो समय टिक्दैन । महिलाको सुन्दर अनुहार र अर्धनग्न शरीरको तस्वीरले मात्र प्रेस स्वतन्त्रता र व्यावसायिक पत्रकारिताको वकालत गर्न सकिँदैन । यसका लागि त बढीभन्दा बढी महिला सहभागिताका साथमा महिलाका विचार र दृष्टिकोणले पनि पत्रकारितामा स्थान पाउनु पर्दछ । यसका लागि पुरुष पत्रकारहरूले आफ्नो सोच

---

४ पत्रकार महिलाहरूले भोग्नु परेका यिनै विविध समस्याहरूलाई हल गर्नेलगायत यस क्षेत्रमा उनीहरूको प्रवेशलाई सहज र सुनिश्चित बनाउनका लागि आवश्यक कदम चाल्न राज्य, नेपाल पत्रकार महासङ्घ, निजी, सरकारी तथा सार्वजनिक सञ्चार गृहहरूलगायत सम्बन्धित सबैसँग माग गर्दै क्रियाशील पत्रकार महिला (डब्लुडब्लुजे) द्वारा २०६४ साउन २६-२७ मा पोखरामा आयोजित पत्रकार महिलाहरूको प्रथम राष्ट्रिय सम्मेलन सम्पन्न भएको थियो । उक्त सम्मेलनले १५ बुँदे घोषणा पत्र पनि पारित गरेको थियो । सो घोषणा पत्रको पूर्ण पाठ अनुसूची ३.१ मा दिइएको छ ।

परिवर्तन गर्नुपर्दछ भने पत्रकार महिलाले आफ्नो क्षमता विकास गर्न र आफ्ना असन्तुष्टिहरू सही ढङ्गले सम्बन्धित पक्षसँग पोख्नु पर्दछ। त्यसरी नै राज्यले महिलाको पत्रकारितामा अर्थपूर्ण सहभागिता बढाउन तुरुन्त नीति निर्माण गर्न अग्रसर हुनु पर्दछ।

## अनुसूची ३.१
## पत्रकार महिलाहरूको प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेको घोषणा पत्र पोखरा, २६-२७ साउन, २०६४

**पृष्ठभूमि**

छापा तथा विद्युतीय सञ्चारमाध्यममा कार्यरत हामी पत्रकार महिलाहरूले पनि पत्रकारिताको क्षेत्रमा सक्दो योगदान दिँदै आएका छौँ। तर यो क्षेत्रमा हाम्रो सङ्ख्या कुल पत्रकार सङ्ख्याको लगभग दस प्रतिशत मात्र छ। पत्रकारिताको निर्णायक तहमा हाम्रो पहुँच छँदै छैन भन्दा पनि फरक पर्दैन। हामीले लेख्ने विषयहरू पनि महिला, बालबालिका र केही सामाजिक विषयवस्तुहरूमै सीमित छन्। अहिले पत्रकारिता पेसा अपनाइरहेका पत्रकार महिलाहरूलाई पनि यो पेसामा टिकिरहन निकै नै चुनौतीपूर्ण छ। जसले गर्दा धेरै पत्रकार महिलाहरूले यो पेसा छोडेर अन्यत्रै लागिसकेका धेरै उदाहरणहरू हामीसँग छन्।

नयाँ नेपाल र राज्यको पुनःसंरचनाको कुरा बलियो ढङ्गले उठाइरहेका पत्रकारहरूले मिडिया र पत्रकारिताको पनि पुनःसंरचना हुनुपर्ने मुद्दालाई चाहिँ उठाउन सकिरहेका छैनन्। लैङ्गिक समानताको कुरा जोडतोडले उठिरहेको यो बेलामा मिडियामा पनि लैङ्गिक नीति लागू गर्नुपर्ने कुरालाई राज्य, अधिकारवादी मिडिया सङ्घसंस्था र मिडिया हाउसहरूले गम्भीर ढङ्गले लिइरहेका छैनन्। तसर्थ, पत्रकार महिलाहरूको प्रथम राष्ट्रिय सम्मेलनमा आफ्ना मुद्दा तथा मागहरूका बारेमा छलफल गर्न पोखरामा भेला भएका मुलुकभरिका हामी सयजनाभन्दा बढी पत्रकार महिलाहरू राज्य, पत्रकार महासङ्घ, निजी, सरकारी तथा सार्वजनिक मिडिया हाउसहरूलगायत सम्बन्धित सबैलाई मिडियामा लैङ्गिक संवेदनशीलता तथा सकारात्मक भेदभावको नीति अपनाई पत्रकार महिलाका पेसाको निरन्तरता सुनिश्चित हुने वातावरण सिर्जना गर्न, पत्रकार महिलाको सङ्ख्या बढाउन र मिडियाको निर्णायक तहमा बढीभन्दा बढी पत्रकार महिलालाई संलग्न गराउन आग्रह गर्दै यो १५ बुँदे घोषणा पत्र जारी गर्दछौँ।

१. राज्यका सबै संयन्त्रमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता गराउने राज्यको प्रतिबद्धता अनुरूप प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासङ्घ, निजी, सार्वजनिक तथा सरकारी सञ्चारमाध्यमहरूका निर्णायक तहमा कम्तीमा ३३ प्रतिशत पत्रकार महिलाको सहभागिता सुनिश्चित तत्काल गरिनु पर्दछ। साथै, दीर्घकालमा मिडियाको निर्णायक तहमा क्रमशः ५० प्रतिशत पत्रकार महिलालाई सहभागी गराउने नीति अवलम्बन गर्नु पर्दछ। यसका लागि राज्य पक्ष, सम्बन्धित अधिकारवादी मिडिया सङ्घसंस्थाहरू तथा मिडिया हाउसहरूले पत्रकार महिलाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू पनि लागू गर्ने नीति अवलम्बन गर्नु पर्दछ।

२. पत्रकार महिलाको सङ्ख्या पत्रकार पुरुषका तुलनामा अत्यन्त न्यून, अर्थात् कुल पत्रकार सङ्ख्याको लगभग दस प्रतिशत मात्र भएको हुनाले उनीहरूको सङ्ख्या बढाउन राज्य, पत्रकार महासङ्घ जस्तो अधिकारवादी मिडिया सङ्घसंस्था तथा निजी, सरकारी र सार्वजनिक मिडिया हाउसहरूले विशेष पहल गर्नुपर्दछ। किनभने मिडिया व्यवसाय उद्योगको रूपमा फस्टाइरहे तापनि यसको उद्देश्य नाफा कमाउने मात्र नभएर विभेदरहित समाजको सिर्जना गर्ने र समाजमा रहेको द्वन्द्व घटाउन सहयोग गर्ने पनि हो। तसर्थ, कुनै पनि नयाँ वा पुराना मिडिया हाउसले पत्रकार नियुक्ति वा भर्ना गर्दा महिलालाई पनि नियुक्ति वा भर्ना गर्ने विशेष नीति अपनाउनु पर्दछ।

३. सम्पूर्ण पत्रकार महिलालाई लैङ्गिकताको सवालमा समान पहुँचको अपेक्षा गर्ने अधिकार छ। तसर्थ निजी, सरकारी तथा सार्वजनिक मिडिया हाउसहरूमा उनीहरूलाई निम्न विभेद गर्न पाइने छैनः

   क) नियुक्ति तथा भर्ना

   ख) तलव तथा भत्ता

   ग) लेख्ने वा प्रसारण गर्ने विषयवस्तु वा समाचारका बिटमा

   घ) तालिम तथा भ्रमणलगायत पेशागत क्रियाकलापमा

   ङ.) बढुवा तथा उन्नतिका अवसरमा

४. सकारात्मक भेदभाव अन्तर्गत दलित, आदिवासी जनजाति, मधेसी, अपाङ्गता भएका र अन्य सीमान्तकृत समुदाय तथा विकट भौगोलिक क्षेत्रका महिलालाई सञ्चारमाध्यममा समावेश गराउन र उनीहरूको कामको सुनिश्चित गर्न सम्बन्धित सबैले विशेष नीति अपनाउनु पर्दछ।

५. मिडियाको निर्णायक तहमा पुऱ्याउन पत्रकार महिलाको छनोट गर्दा सबै क्षेत्र, वर्ग तथा जातजातिका महिलालाई प्रोत्साहन गर्ने नीतिको अवलम्बन र प्रवर्द्धन गरिनु पर्दछ।

६. समाचारका सबै बिट तथा कार्यमा पत्रकार महिलाको समान पहुँच हुनुपर्दछ। लिङ्गका आधारमा समाचारको बिट विभाजन गर्ने चलनको अन्त्य गर्दै समाचारका लागि फिल्ड रिपोर्टिङमा जान पत्रकार महिलालाई प्रोत्साहन गर्ने र समाचार उत्पादनको प्राविधिक क्षेत्रमा पनि महिला सहभागिता बढाउने नीति अवलम्बन सम्बन्धित सबैले गर्नु पर्दछ।

७. समान कामका लागि समान पारिश्रमिक दिइनु पर्दछ।

८. निजी, सरकारी तथा सार्वजनिक सञ्चारमाध्यमहरूको कार्यथलोको वातावरण महिला-मैत्री हुनु पर्दछ। पत्रकार महिलाले मिडिया हाउसको समाचार कक्षलगायत सम्पूर्ण कार्यथलोमा प्रत्यक्ष र अप्रत्यक्ष रूपले भोग्नुपर्ने सबैखाले दुर्व्यवहारको अन्त्य हुनुपर्दछ। यदि कसैले पत्रकार महिला माथि प्रत्यक्ष वा अप्रत्यक्ष दुर्व्यवहार गर्दछ भने उसलाई कारवाही हुने नीति नियम बन्नुपर्दछ। पत्रकार महिलाका लागि मिडिया हाउसहरूमा छुट्टै शौचालयको व्यवस्था गरिनु पर्दछ।

९. रात्री समयमा काम गर्ने पत्रकार महिलाको सुरक्षालाई विशेष ध्यान दिइनु पर्दछ। सञ्चारमाध्यमले पत्रकार महिलाहरूलाई रातको समयमा घरसम्म पुऱ्याउने व्यवस्था गर्नु पर्नेछ। यातायातको सुविधा नभएका ठाउँ, जस्तोः कर्णाली क्षेत्रमा कार्यरत पत्रकार महिलाहरूलाई कामको क्रममा घर फर्कन अप्ठेरो परेको अवस्थामा कार्यालयले नै बस्ने खाने व्यवस्था गर्नु पर्दछ।

१०. पत्रकार आमा बाबु पनि बन्ने भएकाले आफ्ना छोराछोरीप्रति पनि उनीहरूको विशेष दायित्व हुन्छ। तर नेपाली समाजमा छोराछोरी हेरचाहको जिम्मेवारी चाहिँ खासगरी

महिलामाथि नै थुप्रिने हुँदा बच्चा जन्मेपछि पत्रकार महिलाले पत्रकारितालाई निरन्तरता दिन निकै नै चुनौतीसँग लड्नुपर्ने र कतिपयले त पत्रकारिता नै छोडेका धेरै उदाहरणहरू पनि हामीसँग छन् । तसर्थ, पत्रकार आमा बाबु दुबैले आफ्नो पेशालाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने जिम्मेवारी र दायित्व मिडिया हाउसको पनि हो । यसका लागि मिडिया हाउसहरूले पत्रकार आमालाई मात्र होइन बाबुलाई पनि कम्तीमा तीन महिना सुत्केरी विदा दिने व्यवस्था गर्नु पर्दछ ।

११. पत्रकारिता पेसामा दिन, रात र बिहान भन्न नपाइने हुनाले पत्रकार महिलाले काम गरिरहेको अवस्थामा कम्तीमा छ महिनासम्म बच्चालाई दुध खुवाउने वातावरण मिडिया हाउसहरूले कायम गर्नु पर्नेछ । साथै शिशु स्याहार केन्द्रको व्यवस्था पनि गरिनु पर्दछ ।
१२. मोफसलका पत्रकार महिलाको सहभागिता र क्षमता अभिवृद्धि गर्नका लागि राज्य, नेपाल पत्रकार महासङ्घ जस्तो जिम्मेवार सङ्घसंस्था र मिडिया हाउसहरूले सकारात्मक विभेदको नीति अपनाई उनीहरूलाई कार्यक्षेत्रमा टिकिरहन प्रोत्साहन गर्ने नीति अपनाउनु पर्दछ । ग्रामीण भेगका पत्रकार महिलालाई स्रोत सामग्री उपलब्ध गराउनुका साथै छोटो तालिम तथा अध्ययन भ्रमणको व्यवस्था गरिनु पर्दछ ।
१३. महिलाले सम्पादन तथा प्रकाशन गरेका पत्रपत्रिकालाई प्रोत्साहन गर्न कागज खरिदमा सहुलियत दिने, सरकारी विज्ञापन उपलब्ध गराउने र पत्रपत्रिकाको वर्गीकरणमा पार्ने तथा छपाइमा विशेष सहुलियत दिने व्यवस्था राज्यले गर्नु पर्दछ ।
१४. श्रमजीवी पत्रकार ऐन तत्काल लागू गर्नु पर्दछ । यो ऐन लागू नगर्ने सञ्चारमाध्यमलाई राज्यबाट दिइने सुविधाबाट वञ्चित गरी ऐन कार्यान्वयन गर्न दबाब दिनु पर्दछ ।
१५. सरकारी सञ्चारमाध्यमहरूमा सम्पादकीय र नियुक्ति लगायतका प्रक्रियामा राजनीतिक हस्तक्षेप बन्द हुनु पर्दछ ।